मुसिकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

website : musikotmunrukum.gov.np
Email : ito.musikotmun@gmail.com
फोन नम्बर: 088530261,9857825111

प.स. २०८२/०८३
च.नं. ६६३

मिति : २०८२।८।०२

**विषय : लेखा परिक्षक नियुक्तिको लागि निवेदन पेश गर्ने सम्बन्धी सुचना ।**

श्री सम्बन्धित सबै,

प्रस्तुत विषयमा यस मुसिकोट नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको आ.ब. २०८१।०८२ को लेखापरिक्षण गर्न २ (दुई) जना दर्तावाला लेखा परिक्षक नियुक्ती गरी लेखापरिक्षण गराउनु पर्ने भएकोले ईच्छुक रजिष्टर्ड लेखा परिक्षकहरुले फर्म दर्ता, कर चुक्ता प्रमाण पत्र, फर्म नविकरण लगायतका आवश्यक कागजात, आर्थिक तथा प्राविधिक प्रस्ताव सहित सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपुर्वक सिलवन्दी निवेदन पेश गर्नको लागि यो सुचना प्रकाशन गरिएको छ । निवेदनको ढाँचा मुसिकोट नगरपालिकाको वेभसाइडबाट डाउनलोड गर्नुपर्नेछ । रित नपुगी पेश भएको निवेदन मान्य हुने छैन ।

८।०२
यमकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सुचना प्रविधि शाखा :- सुचना Website मा अपलोड गरिदिनुहुन ।

लेखापरिक्षक
नियुक्तीको लागि
निवेदनको नमुना

मिति २०८२।...........

श्री मुसिकोट नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
रुकुम पश्चिम ।

विषय :- लेखापरिक्षकमा नियुक्ती सम्बन्धी निवेदन ।

प्रस्तुत विषयमा मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको च.न. .... मिति २०८२।८।२ मा प्रकाशित सुचना अनुसार मैले पनि लेखापरिक्षकमा नियुक्ती भई मुसिकोट नगरपालिका अन्तर्गत संचालित विद्यालयहरुको लेखापरिक्षण गर्नको लागि यो निवेदन पेश गरेको छु । लेखापरिक्षकमा छनौट भई लेखापरिक्षक नियुक्ती भएमा मुसिकोट नगरपालिकाले तोकेबमोजिमका विद्यालयहरुमा प्रचलित कानुनको अधिनमा रही लेखापरिक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालयलाई एक प्रति र मुसिकोट नगरपालिकालाई एक प्रति बुझाउनेछु । मैले लेखापरिक्षकमा नियुक्तीको लागि तपसिल बमोजिम बिवरण, कागजात र आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गरेको छु ।

तपसिल

पेश गरेका कागजातहरु :-

(१) लेखाव्यवसायी फर्म दर्ता प्रमाण पत्र र नविकरण पत्र
(२) दर्तावाला लेखापरिक्षक सदस्यता प्रमाणपत्र
(३) स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र
(४) कर चुक्ता प्रमाणपत्र
(५) नागरिकताको प्रमाणपत्र प्रतिलिपी
(६) अनुभव देखाउने प्रमाणपत्र कागजात
(७) अन्य आवश्यक प्रमाणपत्रहरु भए उल्लेख गर्ने

आर्थिक प्रस्ताव :- लेखापरिक्षण सेवा शुल्क दस्तुर विद्यालयको कूल आर्थिक कारोबार रकमको भ्याट सहित सयकडा 0. ...... % (अक्षेरुपी शुन्य दशमलव ....... प्रतिशतका) का दरले नबढ्नेगरी सेवा सुविधा सम्बन्धित विद्यालयबाट बैंक खाता मार्फत भर्पाइ गरी भुक्तानी लिइनेछ । उल्लेखित सेवा शुल्क बाहेक अन्य कुनै पनि प्रकारको सेवा शुल्क सुविधा दावी गरिने छैन । नगरपालिकाले तोकेको राजश्व नियुक्ती बुझ्नुपुर्व नगरपालिकाको राजश्व खातामा जम्मा गर्नेछु । पेश भएका आर्थिक प्रस्ताव बराबर भएको खन्डमा लेखापरिक्षक दर्ता मिति र बर्गको आधारमा सिनियर लेखापरिक्षकलाई नियुक्ती दिएमा मन्जुर छु ।

निवेदक

... ... ... ...

फर्मको स्पष्ट बुझिने छाप

दस्तखत

नाम :-
सम्पर्क नम्वर :-
इमेल ठेगाना :-
ठेगाना :-